Nepali / नेपाली

# इन्टर्भेन्शन अर्डर्स (INTERVENTION ORDERS – हस्तक्षेप गर्ने आदेश)

## बारे जानकारी

SOUTH AUSTRALIA POLICE
KEEPING SA SAFE

Government of South Australia

साउथ अष्ट्रेलिया प्रहरीद्धारा सार्वजनिक सेवा सुरु गरिएको रुपमा यो प्रकाशन तयार पारिएको हो, र जहाँसम्म यो तयारी गर्दा प्रत्येक कुरामा ध्यान पुर्याइएको भए पनि, कुनै वारेन्टी दिइदैन। न त जानकारी वा दिइने सल्लाह प्रयोजनको लागि स्पष्ट वा साँकेतिक रुपमा ती कुराहरु सही, प्रचलित वा उपयुत्त छ भनी नै चित्रण गरिन्छ । त्यस्तै दिइएका जानकारी वा सल्लाहमा कुनै व्यक्तिले भर पर्दा वा उपयोग गर्दाको परिणामबाट कुनै व्यक्तिले घाटा सहनु परेमा स्टेट अफ साउथ अष्ट्रेलिया, त्यसका शाखाहरू, साउथ अष्ट्रेलिया प्रहरी र तिनीहरुका एजेन्टहरु, अधिकृतहरु र कर्मचारीहरुले कुनै दायित्व र जिम्मेवारी स्वीकार गर्देनन् ।

© साउथ अष्ट्रेलिया प्रहरी (South Australia Police)
यस प्रकाशनका सामाग्रीहरु फेमिली एण्ड डोमेस्टिक भायोलेन्स ब्रान्चको प्रमुख अधिकृतको अनुमति लिएर पुन: प्रतिलिपि उतार्न सकिन्छ र प्रत्येक प्रतिलिपि पुन: उतार्दा साथमा उपयुक्त हुने गरी स्रोत उल्लेख गर्नु पर्छ ।

फेमिली एण्ड डोमेस्टिक भायोलेन्स ब्रान्च
(Family and Domestic Violence Branch)
जी पी ओ बक्स १५३९, एडिलेड, एस ए, ५००१
(GPO Box 1539, Adelaide, SA, 5001)
इमेल - sapol.interventionordermanagement@police.sa.gov.au

# सामाग्रीहरु

घरेलु हिंसा भनेको के हो ? 2
इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) भनेको के हो ? 3
इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) मैंले कसरी लिन सक्छु ? 3
प्रहरीद्वारा जारी गरिएको आदेशहरु 4
जव प्रहरीले आदेश जारी गर्छ तव के हुन्छ ? 5
अदालतद्वारा जारी गरिएको आदेशहरु 6
निवेदन सुनुवाइको लागि अदालतमा उपस्थित हुँदा 8
जव इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) प्रदान गरिन्छ तव के हुन्छ ? 10
त्यसपछि के हुन्छ ? 11
यदि अर्को व्यक्तिले आदेश उल्लंघन गरेमा के हुन्छ? 12
फेमिली कोर्ट अर्डर्स (Family Court Orders) बारे के हो त ? 13
25 नोभेम्बर 2017 पश्चात जारी इन्टर्भेन्शन अर्डर्स (हस्तक्षेप गर्ने आदेशहरु) 13
25 नोभेम्बर 2017 अघि जारी इन्टर्भेन्शन अर्डर्स (हस्तक्षेप गर्ने आदेशहरु) 14
यदि मैंले इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) बदल्न चाहे भने के हुन्छ ? 15
सहायताको लागि कहाँ फोन गर्ने 16

# घरेलु हिंसा भनेको के हो ?

**घरेलु हिंसा भनेको अति निकट सम्वन्ध अन्तर्गत जस्तो कि विवाह, सहवास, डेटिङ्ग, वा फरक पुस्ताहरु विच लगायत परिवारभित्रकै एक व्यक्तिले अर्को व्यक्ति विरुद्ध गरिने दुर्व्यवहारहरूको नमुना हो। भौतिक र यौंनिक (Sexual) हिंसा, मौखिक दुर्व्यवहार, धम्कीहरु र त्रास, भावनात्मक र सामाजिक दुर्व्यवहार, पछ्याएर निगरानी गर्नु, आर्थिकरुपले वन्चित गर्नु र सम्पत्ति क्षति गर्नु लगायत घरेलु हिंसाले धेरैं स्वरुप लिएका हुन्छन् । यो हाम्रो समुदायको सवैं तप्का, सवैं उमेर समूहहरु र सवैं संस्कृतिहरुमा रहेको हुन्छ ।**

घरेलु हिंसालाई कहिलेकाहिं घरेलु दुर्व्यवहार वा पारिवारिक हिंसा भनी उल्लेख गरिन्छ । जुनसुकैं नाम दिए पनि, हाम्रो समुदायमा यी सवैं दुर्व्यवहारहरुलाई अस्वीकार गरिन्छ, र ती मध्ये कतिपय दुर्व्यवहारहरु प्रष्टरुपमा कानून विरुद्ध हुन्छ ।

घरेलु हिंसाले पीडितहरु, तिनीहरुको बालबालिका, परिवार र साथीहरुलाई हानिकारक प्रभाव पार्छ भनी साउथ अष्ट्रेलिया प्रहरीले ठहर गरेको छ । पीडितहरु र तिनीहरुको बालबालिकाको संरक्षण र निरन्तर सुरक्षालाई प्रहरीले उच्च प्राथमिकता दिन्छ, र संभव भएसम्म हिंसा फैंलाउने व्यक्तिलाई उनीहरुको हिंसाजन्य कार्यमा जिम्मेवार बनाउन प्रयत्न गर्दछ ।

यदि तपाई घरेलु हिंसाबाट पीडित हुनुहुन्छ भने इन्टर्भेन्शन अर्डर्स (पहिले नियन्त्रत आदेश भनिने) ले तपाई र तपाईको परिवारलाई बचाउन सक्छ । यदि तपाईले इन्टर्भेन्शन अर्डर्स लिने बारे प्रहरीसङ्ग सम्पर्क गर्नु भयो भने के हुन सक्छेछ भनी यो पुस्तिकाले बताउँछ । यसले तपाईको प्रश्नहरुको जवाफ दिनेछ, र तपाईलाई के गर्ने भनी निर्णय गर्न सघाउँछ भनी हामी आशा गर्छौं ।

# इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) भनेको के हो ?

इन्टर्भेन्शन अर्डर्स भनेको त्यस्तो आदेश हो जुन कि त प्रहरी वा अदालतद्वारा जारी गरिन्छ ताकि कुनै व्यक्ति (प्रतिवादी) बाट तपाई (संरक्षित व्यक्ति) लाई सताउने, धम्की दिने वा दुर्व्यवहार गर्ने वा हिंसात्मक हुन सक्ने व्यवहारहरुलाई निषेध गरिएको हुन्छ । त्यो अर्को व्यक्तिलाई विभिन्न कुराहरु नगर्न जस्तै तपाईको घरमा र काम गर्ने स्थानमा नआउन, तपाईको बालबालिकाहरुको स्कूलमा नजान, तपाईको पिछा वा निगरानी नगर्न, तपाईलाई फोन नगर्न वा खबर नपठाउन आदेश दिएको हुन सक्छ । त्यो अर्को व्यक्तिलाई विभिन्न कुराहरु गर्न जस्तै तपाईसङ्गै साझेदारी भएर बसेको घरबाट निस्कन आदेश दिन पनि सक्छ । त्यस्तो आदेश विशेष गरी तपाईको लागि र तपाईको परिस्थितिलाई हेरेर दिन सकिन्छ ।

**त्यो अर्को व्यक्ति (प्रतिवादी) ले दिइएको आदेशको पालना नगर्नु भनेको अपराध हो । यसलाई आदेशको 'उल्लंघन' भनिन्छ । यदि त्यो व्यक्तिले आदेशको उल्लंघन गरेको तपाईले विश्वास गर्नुहुन्छ भने तपाईले प्रहरीलाई बताउनु पर्छ ।**

# इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) मैले कसरी लिन सक्छु ?

इन्टर्भेन्शन अर्डर्स प्रहरीद्वारा जारी गर्न सकिन्छ (अन्तरिम इन्टर्भेन्शन अर्डर्स भनिछ) वा अदालतद्वारा जारी गर्न सकिन्छ । प्रत्येक मामिलामा आदेश जारी गर्नको लागि आधारहरु हुनैपर्छ । यसको मतलब जबसम्म तपाईलाई सहयोग गर्न केही हस्तक्षेप हुँदैन तपाईलाई अर्को व्यक्तिले दुर्व्यवहार गर्न सक्छ भनी प्रहरी वा अदालतले धारणा बनाएको हुनुपर्छ । दुर्व्यवहार कार्य के के हुन् भनी त्यहाँ धेरै उदाहरणहरु छन्, र प्रहरीले तपाईको अवस्था बारे सुन्छन् र बुझ्छन्, र इन्टर्भेन्शन अर्डरको लागि आधारहरु यदि लागू भएमा तपाईलाई बताउँछन् ।

यदि तपाईसङ्ग आधारहरु भएमा, दुर्व्यवहार गर्ने व्यक्तिलाई कि त सिधैं अन्तरिम इन्टर्भेन्शन अर्डर जारी गर्ने वा आदेश जारी गर्न अदालतमा निवेदन दिनको लागि तपाईलाई सहयोग गर्ने भनी प्रहरीले निर्णय गर्नेछ । कुन विधि अपनाउने भन्नको लागि परिस्थितिहरुले निर्धारण गर्नेछ । यो पुस्तिकामा प्रत्येक विधिलाई व्याख्या गरिएको छ । यी दुवै विधिहरु तपाईले पढ्नु पर्छ ताकि तपाईले के गर्नु पर्छ भनी थाहा पाउनु हुन्छ ।

# प्रहरीद्वारा जारी गरिएको आदेशहरु

प्रहरीलाई उपस्थित हुन बोलाइएको घरेलु हिंसा घटनामा, जहाँ एक व्यक्तिले आपराधिक कार्य (जस्तै तपाईलाई हिर्काउने वा तपाईको सम्पत्ती क्षति गर्ने) गरेका छन् भने, वा आपराधिक कार्य गर्न धम्कीहरु दिएका छन्, र त्यो व्यक्ति उपस्थित छ वा प्रहरी हिरासतमा छ भने त्यसपछि प्रहरीले अन्तरिम इन्टर्भेन्शन अर्डर जारी गर्न साथसाथै कथित अपराधको अनुसन्धान गर्नसक्छ ।

पहिलो कुरा त प्रहरीले के भयो भनी थाहा पाउन तपाईसङ्ग कुराकानी गर्नेछ । अर्को व्यक्तिबाट तपाई र तपाईका बालबालिकाहरूलाई कत्तिको जोखिम छ भनी तिनीहरूले आँकलन गर्नेछन् । यदि इन्टर्भेन्शन अर्डर्स को लागि त्यहाँ आधारहरु छन् भनी तिनीहरुलाई लागेमा र आदेशले अरु थप हानी हुनबाट तपाईलाई जोगाउँछ भन्ने लागेमा, तिनीहरुले यस्तो समयमा अन्तरिम आदेश जारी गर्नेछन् । यदि तपाईको बालबालिकाहरु जोखिममा रहेका छन् भने, तिनीहरुलाई पनि आदेशमा समावेश गर्न सकिन्छ ।

प्रकृयाको एउटा भाग अन्तर्गत तपाईको कथन (विवरण) जसमा के भयो र किन तपाईलाई इन्टर्भेन्शन अर्डर चाहियो भन्ने तपाईको भनाइको प्रहरीलाई आवश्यकता पर्नेछ । यदि प्रहरीले आपराधिक कार्य (जस्तै यदि तपाईलाई आक्रमण भएको थियो) को बारे तपाईको कथन लिइसकेको छ भने तिनीहरुले सोही कथन उपयोग गर्न सक्छन् ।

त्यहाँ अन्य महत्वपूर्ण जानकारी हुन सक्छन् जुन बारे तपाईले प्रहरीलाई भन्नु पर्छ । उदाहरणको लागि यदि अर्को व्यक्तिसङ्ग बन्दुक छ भनी तपाईलाई लागेको छ भने प्रहरीले त्यो जानकारी थाहा पाउनमा सुनिश्चत गर्नुहोस् । किनभने यदि इन्टर्भेन्शन अर्डर लागू भएको छ भने प्रहरीले प्रतिवादीसङ्ग रहेको बन्दुकहरु उसको कब्जाबाट हटाउने छन् र ती बन्दुकहरु प्रहरी स्टेशनमा राख्नेछन् ।

यदि फेमिली कोर्ट अर्डर (परिवार सम्वन्धी हेर्ने अदालतले दिने आदेश) लागू भएको छ भने पनि तपाईले प्रहरीलाई बताउनु पर्छ । यो किन हो भने तपाईको इन्टर्भेन्शन अर्डर, फेमिली कोर्ट अर्डरसङ्गको सहकार्यमा प्रहरीले सुनिश्चत गर्न सक्छन् । यदि तपाईसङ्ग फेमिली कोर्ट अर्डरको प्रतिलिपी छ भने त्यो प्रहरीलाई दिन सहयोगी हुन्छ । यदि तपाईसङ्ग प्रतिलिपी छैन भने प्रहरीले फेमिली ल कोर्ट (पारिवारिक कानुन सम्वन्धी हेर्ने अदालत) बाट एकप्रति प्राप्त गर्न सक्छन् ।

# जब प्रहरीले आदेश जारी गर्छ तव के हुन्छ ?

जब एकपल्ट इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) जारी गरिन्छ, प्रहरीले एकप्रति प्रतिलिपी अर्को व्यक्ति (प्रतिवादी) लाई दिनेछ र आदेशको व्याख्या गर्नेछ । प्रतिवादीलाई इन्टर्भेन्शन अर्डरको प्रतिलिपी दिनासाथ उनीहरुले आदेशमा सुचिकृत सवें सर्तहरु पालना गर्नु पर्छ ।

**प्रहरीको अन्तरिम इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) दिनासाथ त्यसको कार्यान्वयन सुरु हुन्छ ।**

तपाईलाई पनि आदेशको प्रतिलिपी दिइन्छ । खासमा संरक्षित व्यक्तिको रुपमा नामाङ्कित प्रत्येक व्यक्तिले प्रतिलिपी प्राप्त गर्नेछन् । त्यसैंले यदि तपाईको बालबालिकहरुलाई सुचिकृत गरिएको छ भने तिनीहरुले एक एक प्रतिलिपी पाउनेछन् वा यदि तिनीहरु धेरै साना उमेरका छन् भने उनीहरुलाई दिनु पर्ने प्रतिलिपीहरु तपाईलाई दिइन्छ ।

प्रहरी अधिकृतले प्रतिवादीलाई जारी गर्ने आदेश भनेको त्यस व्यक्तिलाई अदालतमा उपस्थित हुनको लागि बोलावट (समन्स) पनि हो । त्यसले अदालतमा हुने सुनुवाइको समय, मिति र स्थान उल्लेख गर्नेछ । सामान्यतया, यो आदेश जारी गरेको आठ दिन भित्रै हुन्छ । ग्रामिण भेगमा यो भन्दा लामो समय पनि लाग्न सक्छ किनकी त्यहाँ अदालतहरुका वैठक प्रायजसो नबस्न सक्छ । **अदालतले उपस्थित हुन दिएको यो पहिलो मितिमा तपाई जानैं पर्छ भन्ने छैंन ।**

यो सुनुवाइमा, दिइएको आदेशको न्यायिक अधिकारीले समिक्षा गर्नेछ र यदि त्यससङ्ग तिनीहरु सहमत भएमा, त्यो अन्तरिम आदेशको रुपमा निरन्तर हुनसक्छ, वा तिनीहरुले त्यसलाई पक्का गर्छन (स्थायीरुपमा राख्छन्), वा त्यसलाई बदल्छन् (आदेशको सर्तहरु बदल्छन् र प्रतिवादीलाई पुन: जारी गर्छन्), वा त्यसलाई भङ्ग गर्छन (आदेशलाई रद्ध गर्छन्) ।

मुद्धा चलाउने प्रहरी अभियोजक वा अन्य प्रहरी अधिकृतले सुनुवाइको नतिजा तपाईलाई थाहा दिन्छन् ।

# अदालतद्धारा जारी गरिएको आदेशहरु

अन्य अवस्थाहरुमा जुन कम जरुरी छ, वा जब अर्को व्यक्ति त्यहाँ छैंन भने, तपाईले इन्टर्भेन्शन अर्डर (हस्तक्षेप आदेश) जारी गर्नको लागि अदालतमा निवेदन दिनु पर्छ । तपाईको तर्फबाट प्रहरीले निवेदन तयार पारेर यसो गर्न तपाईलाई अझैं सहयोग गर्नेछ ।

प्रहरी स्टेशनमा जानु सर्वेभन्दा सामान्य तरीका हो, जहाँ तपाईलाई के भयो भनी प्रहरीले सुन्छन् र यदि तपाईसङ्ग इन्टर्भेन्शन अर्डरको आधारहरु भएमा निर्णय लिन्छन् । यदि त्यस्तो भएमा प्रहरीले तपाईको परिस्थितिहरुको व्याख्या गर्छन् र किन तपाईलाई इन्टर्भेन्शन अर्डर आवश्यक छ भनी तपाईबाट विवरण लिनेछन् ।

तपाईको विवरण दिन केही घण्टा लाग्न सक्छ । त्यसैले यो समय कम गराउन, हुन सक्ने जति तयारी र व्यवस्थित बन्न कोशिस गर्नुहोस् । तपाईको भनाइलाई समर्थन गर्न सहयोग गर्छ जस्तो तपाईलाई लाग्ने कुनै पनि प्रमाण वा जानकारी साथैं लैंजानुहोस् । यो निम्न लगायत पर्दछन्:

- कहिले र कहाँ ती कुराहरु भयो लगायत अर्को व्यक्तिले के गरिरहेछन् भन्ने बारे तपाईले बनाउनु भएको हुनसक्ने कुनै टिप्पणीहरु
- अर्को व्यक्तिले तपाईको सम्पत्ति क्षति गरेको देखाउने कुनै फोटोहरु वा अन्य प्रमाण
- टिप्पणिहरु, चिठ्ठीपत्रहरु, इमेलहरुका प्रतिलिपीहरु वा अर्को व्यक्तिले मोबाइलबाट पठाएको हुनसक्ने खबरहरु
- मेडिकल जानकारी वा डक्टरले तपाईलाई परिक्षण गरेको भए मेडिकल रिपोर्टहरु
- तपाईको बालबालिकाहरुलाई लागू हुने फेमिली कोर्ट अर्डर्स (पारिवारिक मामिला हेर्ने अदालतले दिने आदेशहरु) को प्रतिलिपीहरु ।

यदि तपाईलाई अर्को व्यक्तिसङ्ग बन्दुक छ जस्तो लाग्छ भने प्रहरीलाई फेरि भन्नुहोला। यदि इन्टर्भेन्शन अर्डर जारी गरेको छ भने, अर्को व्यक्ति (प्रतिवादी) को कब्जाबाट हटाउन सक्ने आदेश अदालतले दिनेछ ।

यदि संभव भए, तपाईको बालबालिकाहरुलाई हेरचाह गर्न वेंकल्पिक व्यवस्था मिलाउनु राम्रो विचार हो ताकि जव तपाईले आफ्ना विवरण दिइरहँदा, तिनीहरुले अनावश्यक तनावको सामना गर्नु पर्देन । तपाईको परिस्थितिहरु बारे प्रहरीसङ्ग कुराकानी गर्नु तपाईको लागि निराशाजनक हुनसक्छ, र यस्तो गर्नाले तपाईको बालबालिकाहरुलाई दुखी बनाउन सक्छ । तापनि, बालबालिकालाई हेरचाह गर्ने वेंकल्पिक व्यवस्था यदि तपाईसङ्ग छैंन भने, उनीहरुलाई तपाईसङ्गैं प्रहरी स्टेशनमा ल्याउन सकिन्छ ।

जव तपाईको विवरण दिने कार्य सकिन्छ, प्रहरीले अदालती फायल तयार गर्नेछ जुन प्रहरी अभियोग शाखा (Prosecution Section) मा पठाइन्छ । प्रहरी अभियोजक (मुद्धा चलाउने व्यक्ति) ले तपाईको लागि आदेश दिनको लागि अदालतलाई अनुरोध गर्न प्रशस्तै आधारहरु त्यहाँ छन् भनी जाँच गर्नेछ। यदि त्यस्तो पाएमा, तपाईको तर्फबाट प्रहरी अदालतमा उपस्थित हुनेछ ।

**सामान्यतया तपाई अदालतमा आउनु पर्नेछ, तापनि प्रहरीले तपाईको तर्फबाट कुराकानी गर्नेछ ।**

जुन व्यक्तिको विरुद्धमा तपाईले इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) जारी गर्न अदालतमा निवेदनहरु दिनु भएको छ, उक्त व्यक्ति तपाईको निवेदन दिने वेलामा अदालतमा हुँदैन । यदि त्यहाँ तिनीहरु अरु नै कारणको लागि छन् र तपाईले सुरक्षित महशुस गर्नु हुँदैन भने, प्रहरी वा अदालतका कर्मचारीलाई भन्नुहोला ।

# निवेदन सुनुवाइको लागि अदालतमा उपस्थित हुँदा

यदि तपाईले इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) जारी गर्नको लागि अदालतमा निवेदन दिनु भएको छ भने, कुन अदालतमा जानु पर्ने हो, त्यसको मिति र समय बारे प्रहरीले तपाईलाई थाहा दिनेछ ।

दिइएको समय भन्दा केही मिनेट अगाडि तपाई आउनु पर्छ ताकि तपाईले सुरक्षा जाँच गर्न सक्नु हुन्छ र अदालतको कुन कक्षमा तपाईको सुनुवाइ गरिन्छ भनी थाहा पाउन सक्नु हुन्छ । तपाई अदालतको कुन कक्षमा जान आवश्यक पर्ने हो, जानकारी डेस्कमा रहेका कर्मचारीले बताउन सक्षम हुन्छन् ।

यदि तपाई अदालत आउन ढिलो भइरहेछ वा आउन सक्नु हुँदैन भने, अगाडि नै प्रहरी वा अदालतमा फोन गरेर थाहा दिनु होला र कारणहरु बताउनु होला ।

यदि तपाई **महानगरीय** अदालतमा उपस्थित हुनु हुँदैछ भने, चाइल्ड एण्ड फेमिली इन्भेष्टिगेशन सेक्शन (Child and Family Investigation Section) का प्रहरी अधिकृतले तपाईसङ्ग भेटेर कुराकानी गर्नु हुनेछ । यदि तपाई **ग्रामिण** भेगका अदालतमा उपस्थित हुनु हुँदैछ भने, प्रहरी अभियोजकले तपाईलाई भेट्नु हुनेछ ।

अदालतमा केही अन्य मानिसहरु पनि हुन सक्दछन् जसले इन्टर्भेन्शन अर्डरको लागि पनि निवेदन दिएका हुन सक्छन्, त्यसैले जवसम्म न्यायिक अधिकारी तपाईको निवेदनको सुनुवाइ गर्न तयार हुनु हुँदैन, तपाईलाई अदालती कक्ष बाहिर पर्खन आग्रह गरिन्छ । यसो गर्नुको कारण तपाईको गोपनीयतालाई सुरक्षा दिनु हो ।

जब न्यायिक अधिकारी तपाईको निवेदन सुन्न तयार हुनुहुन्छ, अदालतका अधिकृतले तपाईलाई अदालती कक्षमा आउन र पछिल्लो लहरको सिटमा बस्न अनुरोध गर्नु हुनेछ । तपाईले जसको विरुद्ध निवेदन दिनु भएको छ, जब त्यस व्यक्तिको नाम सुन्नु हुन्छ, मुद्दा सुरु गर्न बोलाइएको ('called on') मानिन्छ । यो अदालतको औंपचारिकता हो र यसको अर्थ तपाईको निवेदनलाई विचार गर्न न्यायीक अधिकारी तयार हुनु हो ।

**तपाई सिटमा बस्नु पर्नेछ । जवसम्म न्यायीक अधिकारी, अदालती कर्मचारी वा प्रहरी अधिकृतले सोध्नु हुँदैन, तपाईले यस चरणमा केही गर्नु पर्दैन ।**

यदि न्यायीक अधिकारीले केही कुरा प्रष्ट्र पार्न आवश्यक भएमा, तिनीहरुले तपाईलाई साक्षी वस्ने ठाउँमा जान भन्नेछन् ताकि तपाईलाई प्रश्न सोध्न सकियोस् । प्रायजसो, तिनीहरुले तपाई अदालतमा पछाडि बस्नु भएको बेला सोध्नेछन्, र तपाईले त्यहाँबाट जवाफ दिन सक्नुहुन्छ । यदि थप जानकारी आवश्यक भएमा प्रहरी अधिकृतले पनि प्रश्न सोध्न सक्नु हुनेछ । प्रश्नहरु ध्यान दिएर सुन्नु होला र सत्यपरक ढङ्गले जवाफ दिनुहोला । जव न्यायीक अधिकारीले निर्णय लिनु हुन्छ, इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) दिइयो कि र के के अवस्थाहरु हुन् भनी उहाँले तपाईलाई बताउनु हुनेछ ।

यदि तपाईले केही कुरा छुटाउनु भयो वा केही कुरा बुझ्नु भएन भने सुनुवाइ पछि तपाईले अभियोजक वा फेमिली भायोलेन्स (Family Violence) प्रहरी अधिकृतलाई  सोध्न सक्नुहुन्छ र तिनीहरुले के भयो भनी प्रष्ट पार्नु हुनेछ र तपाईको प्रश्नहरु भएमा जवाफ दिन सक्नुहुनेछ ।

# जव इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) प्रदान गरिन्छ तव के हुन्छ?

जब प्रहरीले इन्टर्भेन्शन अर्डर जारी गर्छ, प्रहरीले प्रतिवादी भनी नामाङ्कित व्यक्तिलाई **अदालतमा उपस्थित हुनका लागि कार्यलयको पत्र दिनासाथ त्यो कार्यान्वयन हुन सुरु हुन्छ ।** जव अदालतले आदेश जारी गर्छ, यो वुझ्न जरुरी छ कि त्यो आदेश प्रहरीले अर्को व्यक्ति (प्रतिवादी) लाई **त्यसको प्रतिलिपी (अदालतमा उपस्थित हुनका लागि कार्यलयको पत्र) व्यक्तिगतरुपमा नबुझाएसम्म** आदेश कार्यान्वयन सुरु हुँदैन । प्रहरीले सकेसम्म छिटो गर्न कोशिस गरे पनि अदालती सुनुवाइ पश्चात यस्तो गर्न केही दिनहरु लाग्न सक्छ ।

यदि संभव भए, प्रहरीले इन्टर्भेन्शन अर्डर दिन लागिरहेछन् भनेर अर्को व्यक्तिलाई बताउनु हुँदैन । त्यसो गर्दा उनीहरु जानीजानी प्रहरीबाट टाढा हुन खोज्छन् ताकि अदालतमा उपस्थित हुनका लागि कार्यालयको पत्र उनीहरुलाई दिन सकिंदैन । यदि त्यो व्यक्ति भेट्टाउन गाह्रो भएमा, तपाईले प्रहरीलाई त्यस व्यक्ति कहाँ भेट्टाउन सकिन्छ जस्तो कि काम गर्ने ठाउँको ठेगाना वा उनीहरु प्रायजसो घुमफिर गर्ने स्थान बारे  बताएर सहयोग गर्न सक्नुहुन्छ ।

**इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश)को लागि अदालतमा उपस्थित हुनका लागि प्रहरीले कहिले पत्र दियो भनी प्रहरीले तपाईलाई बताउनेछन्,** तापनि आदेश कार्यान्वयन हुन सुरु भइसक्यो कि भएन भनी यदि तपाई चिन्तित हुनुहुन्छ भने, तपाईले तपाईको नजीकैको प्रहरी स्टेशनमा कुनै पनि समय गएर सोध्न सक्नुहुन्छ ।

अदालतद्वारा जारी आदेशसङ्गै तपाईले हुलाकबाट वा अदालतमा उपस्थित भएको केही दिन पश्चात प्रहरीबाट तपाईको हस्तक्षेप गर्ने आदेशको **तिनवटा प्रतिलिपीहरु** प्राप्त गर्नुहुनेछ । एकप्रति सुरक्षित ठाउँमा राख्ने, अर्को प्रति तपाईसङ्गै राख्ने (उदाहरणको लागि, तपाईको ह्याण्डब्याग वा कारमा), र तेस्रो प्रति कुनै पनि व्यक्ति जसलाई चाहिनसक्छ (उदाहरणको लागि, तपाईको कार्यस्थल वा तपाईको बालबालिकाहरु पढ्ने स्कूल), उसलाई दिनु राम्रो विचार हो । यदि तपाईलाई आवश्यक भएमा थप प्रतिलिपीहरु बनाउन सक्नुहुन्छ ।

तपाईलाई दिइएको प्रतिलिपीहरु ध्यान दिएर पढ्नुहोला ताकि अर्को व्यक्ति (प्रतिवादी) ले के गर्न सक्छन् र के गर्न सक्दैनन् (सर्तहरु) तपाईलाई थाहा हुन्छ । त्यस्तोमा यदि अर्को व्यक्तिले कुनै कुरा गर्दा तपाईको वुझाइ अनुसार सर्तहरु उल्लंघन गरेको लाग्छ भने त्यस्तो बेलामा तपाईले प्रहरीलाई सम्पर्क गर्नुपर्छ ।

# त्यसपछि के हुन्छ ?

आदेशमा उल्लेखित सर्तहरु प्रति यदि प्रतिवादी असहमत भएमा उनीहरुको लागि अदालतमा जानु पर्ने मिति इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश)मा उल्लेख गरिएको हुनेछ । यो प्रहरीद्वारा जारी आदेश र अदालतद्वारा जारी आदेश दुवैमा लागू हुन्छ । प्रहरीले कुनै पनि असहमती मिलाउन कोशिस गर्नेछ र यदि आदेशमा केही परिवर्तन गरिएमा तपाईलाई जानकारी गराउनेछ ।

अदालती सुनुवाइ पश्चात यदि त्यो व्यक्तिले अझैं असहमत जनाउँछ भने, त्यसपछि त्यहाँ अदालती मुद्धा लागू हुन्छ । यस बेलामा, तपाईलाई अदालतमा आउनको लागि सोध्न सक्छ र यदि आदेश विवादित भएमा तपाईले प्रमाण दिन आवश्यक पर्न सक्छ । यदि कुनै पनि समयमा, तपाई र अर्को व्यक्ति एकै समयमा अदालतमा भएमा र तपाईले सुरक्षित महशुस गर्नु नभएमा, त्यसपछि प्रहरीलाई बताउनु होला र तपाईलाई सुरक्षित महशुस गराउने बन्दोबस्त मिलाउन कोशिस गर्न सकिन्छ ।

यो सम्झन जरुरी छ कि इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश)ले तवसम्म काम गरिरहेको हुन्छ जवसम्म त्यसलाई अदालतले बदलेको वा खारेज गरेको हुँदैन । यदि के भइरहेछ भनी शङ्का लागेमा, अपडेट र व्याख्या गर्नको लागि प्रहरीलाई सोध्नु होला । इन्टर्भेन्शन अर्डरले कसरी काम गरिरहेको छ र कसरी त्यसले तपाईलाई सुरक्षा दिन्छ भनी तपाईले वुझ्न अति नैं जरुरी छ ।

# यदि अर्को व्यक्तिले आदेश उल्लंघन गरेमा के हुन्छ ?

यदि अर्को व्यक्ति (प्रतिवादी) ले आदेशको कुनै पनि सर्तहरु उल्लंघन गरेमा, यसलाई आदेश भङ्ग गरेको भनिन्छ । यो आपराधिक कार्य हो र प्रतिवादीलाई अभियोग लगाउन सकिन्छ ।

अर्को व्यक्तिले आदेशको उल्लंघन गराउने गरी तपाईले कुनै कुरा नगर्नु हुन होशियार रहनु होला । उदाहरणको लागि, यदि अर्को व्यक्तिले तपाईसङ्ग सम्पर्क गर्न अनुमति छैन भने, तपाई उनीहरुलाई भेट्न नजानु होला  वा उनीहरुलाई सम्पर्क नगर्नु होला ।

यदि तपाईको उपस्थितिमा प्रतिवादीद्धारा इन्टर्भेन्शन अर्डर  (हस्तक्षेप दिने आदेश)को उल्लंघन भइरहेको छ भने वा तपाईले खतरा महशुस गर्नु भएको छ भने, तपाईले तुरुन्तै **131 444 (वा आपतकालिन स्थितिमा 000)** मा फोन गर्नुपर्छ र तपाईलाई सहायता गर्न गस्तिमा रहेका प्रहरीलाई पठाउन सकिन्छ ।

यदि इन्टर्भेन्शन अर्डरको उल्लंघन भएको तपाईलाई लाग्छ तर तपाई अबिलम्ब खतरामा हुनु भएको छैन (उदाहरणको लागि, आदेशमा भएको सर्त विपरीत प्रतिवादीले तपाईलाई फोन गरेमा) भने, **तपाईको स्थानीय प्रहरी स्टेशनमा तपाईले यसको रिपोर्ट गर्नुपर्छ** ताकि प्रहरीले त्यस मामिलाको छानबिन गर्न सक्छ ।

**सम्झनुहोस् – तपाईको इन्टर्भेन्शन अर्डर  तपाईले अनुमती दिएसम्म मात्र प्रभावकारी हुन्छ । सबै उल्लंघनहरुको रिपोर्ट तत्कालै गर्नुहोस् ।**

# फेमिली कोर्ट अर्डर्स (Family Court Orders) बारे के हो त ?

यदि बालबालिकाहरु संलग्न छन् भने, फेमिली कोर्ट अर्डर (पारिवारिक अदालती आदेश) को लागि फेमिली कोर्ट (पारिवारिक मामिला हेर्ने अदालत) मा निवेदन दिने कि नदिने भनी निर्णयमा तपाईलाई सहयोग गर्न **कानुनी सल्लाह लिन आवश्यक पर्न सक्छ ।** कतिपय मामिलाहरुमा भने, फेमिली कोर्ट अर्डर तपाईले पहिले नै लिइसक्नु भएको हुनसक्छ ।

फेमिली कोर्ट अर्डरमा भएका सर्तहरुले **इन्टर्भेन्शन अर्डरमा भएका कुनै पनि सर्तहरुलाई रद्ध गर्न सक्छ** भनि सम्झन जरुरी हुन्छ । प्रहरीले यो कुरा तपाईलाई प्रष्ट्र पार्न सक्छन् ।

# 25 नोभेम्बर 2017 पश्चात जारी इन्टर्भेन्शन अर्डर्स (हस्तक्षेप गर्ने आदेशहरु)

अष्ट्रेलियामा नयाँ कानुनहरु भन्नुको मतलब घरेलु हिंसा सम्बन्धित अष्ट्रेलियाको कुनै पनि ठाउँमा **25 नोभेम्बर 2017 मा वा त्यस पश्चात** जारी गरिएको इन्टर्भेन्शन अर्डर्स राष्ट्रियरुपमा कार्यान्वयन हुन्छ । यसको अर्थ तपाईको इन्टर्भेन्शन अर्डरले अष्ट्रेलियामा जुनसुकै ठाउँमा रहनु भए पनि तपाईलाई सुरक्षा दिन्छ । अर्को व्यक्ति (प्रतिवादी) ले अष्ट्रेलियाको जहाँसुकै भए पनि इन्टर्भेन्शन अर्डरको पालना गर्नै पर्छ ।

तपाईको आदेशको कतैतिर, सामान्यतया सर्तहरुको सुचीको माथि, तपाईले 'राष्ट्रियरुपमा मान्यताप्राप्त डि भी ओ' ('Nationally recognised DVO') शब्दहरु देख्नुहुन्छ । जुनसुकै स्टेट वा टेरिटोरीमा जारी गरेको भएता पनि राष्ट्रियरुपमा मान्यताप्राप्त इन्टर्भेन्शन अर्डरको उल्लंघन भएमा प्रहरीले कारवाही गर्न सक्छ । त्यस्तै राष्ट्रियरुपमा मान्यताप्राप्त इन्टर्भेन्शन अर्डर जुनसुकै ठाउँमा जारी भएता पनि अदालतले कार्यान्वयन गर्न, बदल्न र खारेज गर्न सक्छ ।

# 25 नोभेम्बर 2017 अघि जारी इन्टर्भेन्शन अर्डर्स (हस्तक्षेप गर्ने आदेशहरु)

यदि तपाईको इन्टर्भेन्शन अर्डर 25 नोभेम्बर 2017 अघि जारी गरिएको हो भने, जुन स्टेट वा टेरीटोरीले जारी गरेको हो त्यस स्टेट र टेरीटोरीमा **मात्र** कार्यान्वयन हुन्छ (उदाहरणको लागि, एडिलेडमा जारी गरिएको आदेश साउथ अष्ट्रेलियामा मात्र कार्यान्वयन हुन्छ) ।

यदि तपाईले इन्टर्भेन्शन अर्डर अतिरिक्त स्टेट र टेरिटोरीमा कार्यान्वयन गराउनको लागि विगतमा दर्ता गराउनु भएको थियो भने, यो लगातार बदलिंदैन । जुन स्टेट र टेरिटोरीले तपाईको इन्टर्भेन्शन अर्डर जारी गरेको थियो, त्यहाँ **र** जुन जुन स्टेट र टेरिटोरीको लागि तपाईले दर्ता गर्नुभएको थियो, त्यस स्टेट र टेरिटोरीमा तपाईलाई इन्टर्भेन्शन अर्डरले सुरक्षा दिन्छ ।

यदि तपाईको इन्टर्भेन्शन अर्डर अष्ट्रेलिया भरी कार्यान्वयन गराउन तपाई चाहनु हुन्छ भने, तपाईको आदेश अदालतद्वारा **घोषणा** गराउने गरी तपाईले छान्न सक्नुहुन्छ ।

साउथ अष्ट्रेलियामा, तपाईले अदालती फाराम – फाराम ४६ए (46A) भर्न आवश्यक छ । यो फाराम www.courts.sa.gov.au बाट डाउनलोड गर्न सकिन्छ वा अनुरोध गर्नु भयो भने अदालती कार्यालयले तपाईलाई सक्कल प्रतिलिपी दिन सक्छ । फाराम ४६ए (46A) सिधैं अदालती कार्यलयमा पेश गर्न सक्नुहुन्छ ।

वैंकल्पिकरुपमा, इन्टर्भेन्शन अर्डर  घोषणा गराउनको लागि सहयोग गर्न तपाईले फेमिली भायोलेन्स (Family Violence) अनुसन्धानदाता वा प्रहरी अभियोजकलाई (यदि तपाईको मुद्धा अदालतहरुमा चलिरहेको छ भने) अनुरोध गर्न सक्नुहुन्छ।

# यदि मैंले इन्टर्भेन्शन अर्डर (हस्तक्षेप गर्ने आदेश) बदल्न चाहे भने के हुन्छ ?

यदि तपाईको परिस्थितिहरु बदलियो र तपाईले इन्टर्भेन्शन अर्डरमा भएका कुनै सर्तहरु बदल्न (भिन्न गर्न) वा आदेश खारेज (रद्ध) गर्न चाहनु हुन्छ भने, त्यतिखेर तपाईले प्रहरीलाई सम्पर्क गरी किन तपाई आदेश बदल्न चाहनु हुन्छ भनी कारणहरु बताउन आवश्यक पर्छ ।

- महानगरीय क्षेत्रमा, चाइल्ड एण्ड फेमिली इन्भेष्टिगेशन सेक्सन (Child and Family Investigation Section) मा सम्पर्क गर्नुहोस् ।
- ग्रामिण क्षेत्रमा, स्थानीय प्रहरी स्टेशनमा सम्पर्क गर्नुहोस् ।

आदेश खारेज गर्न वा बदल्नको लागि अर्को अदालती सुनुवाइको व्यवस्था गर्न आवश्यक पर्छ । यो तपाईले वुझ्न जरुरी छ कि अदालतले मात्र आदेश बदल्न वा खारेज गर्न सक्छ । तपाई र अर्को व्यक्ति मात्र सहमत भएर तपाईको आदेश बदल्न सकिंदैन ।

तपाई र अर्को व्यक्ति दुवैंलाई सुनुवाइको समय र मिति बारे जानकारी गराइन्छ । यसको लागि तपाई अदालतमा उपस्थित हुन आवश्यक **पर्नेछ** । प्राय, अर्को व्यक्ति पनि उपस्थित हुन आवश्यक पर्नेछ तर सधैंभरि भने नपर्न पनि सक्छ ।

**कहिलेकहिं अवस्थाहरु राम्रोको लागि परिवर्तन हुनसक्छ र आदेशहरु पनि बदलिन आवश्यक पर्नसक्छ भनी प्रहरी र अदालतहरुले स्वीकार गर्छन् । तापनि, तपाई अझैं सुरक्षित हुनु हुनेछ र तपाई र तपाईको परिवारलाई बढ्दो जोखिम हुनसक्ने गरी तपाईलाई परिवर्तन गर्नको लागि दबाब दिइएको छैंन भनी प्रहरीले सन्तुष्ट भएको महशुस गर्न पनि आवश्यक पर्छ ।**

**कहिलेकहिं, यदि त्यो कार्यले तपाई र तपाईको परिवारलाई अझ थप घरेलु हिंसा भोग्नु पर्ने जोखिम बढ्ने विश्वास उनीहरुले गरेमा इन्टर्भेन्शन अर्डर बदल्न वा खारेज गर्न तपाईको निवेदनको लागि अदालतमा उपस्थित हुन प्रहरी सहमत हुने छैंन ।**

# सहायताको लागि कहाँ फोन गर्ने

| | |
|---|---|
| आपतकालिन अवस्थाको लागि | 000 |
| प्रहरी सहायता/उपस्थितिको लागि | 131 444 |

महानगरीय क्षेत्रमा, तपाईको स्थानीय चाइल्ड एण्ड फेमिली इन्भेष्टिगेशन सेक्सन (Child and Family Investigation Section) मा सम्पर्क गर्नुहोस्:

| | |
|---|---|
| इष्टर्न डिस्ट्रिक्ट (Eastern District) | 7322 4890 |
| कार्यालय लाग्ने समय अघि वा पछि | 7322 4800 |
| नर्दन डिस्ट्रिक्ट (Northern District) | 8207 9381 |
| कार्यालय लाग्ने समय अघि वा पछि | 8207 9411 |
| साउदर्न डिस्ट्रिक्ट (Southern District) | 8392 9172 |
| कार्यालय लाग्ने समय अघि वा पछि | 8392 9000 |
| वेस्टर्न डिस्ट्रिक्ट (Western District) | 8207 6413 |
| कार्यालय लाग्ने समय अघि वा पछि | 8207 6444 |

ग्रामिण क्षेत्र (country areas) मा, तपाईको स्थानीय प्रहरी स्टेशनमा सम्पर्क गर्नुहोस् ।

स्थानीय प्रहरी स्टेशनको बारेमा थाहा पाउन यो वेबसाइट www.police.sa.gov.au हेर्नुहोला ।

यदि तपाईको पृष्ठभूमी गैंर अङ्ग्रेजी भाषा बोल्ने हो साथैं तपाई घरेलु हिंसाबाट पीडित हुनुहुन्छ, र इन्टर्भेन्शन अर्डर प्रकृया बारे बुझ्नको लागि, सहयोग र सहायताको आवश्यक पर्छ भने, कृपया **माइग्रेन्ट वुमेन्स सपोर्ट प्रोग्राम (Migrant Women's Support Program)** (वुमेन्स सेफ्टी सर्भिसेज एस ए अन्तर्गत) को टेलिफोन 08 8152 9260 मा सम्पर्क गर्नुहोस् ।

हिंसा पीडितको रुपमा तपाईलाई थप सहायता र सहयोग हुन सक्ने एजेन्सीहरुको सुचि, तपाईको स्थानीय प्रहरी स्टेशनबाट उपलब्ध हुन्छ ।

# टिप्पणीहरू